**खोटेहाङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खोटाङ बजार, खोटाङ**

# सिलवन्दी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशन मिति : २०७५/११/१२ गते (24 Feb 2019)**

यस कार्यालयवाट चालु आर्थिक वर्ष २०७५।०७६ को प्रदेश सरकारको शर्सत अनुदान वापत स्वीकृत कार्यक्रम वमोजिम निम्नानुसारको कार्य गराउनु पर्ने भएकोले इच्छुक नेपाली निर्माण व्यवसायीहरुवाट उल्लेखित शर्तहरुको अधिनमा रहि रित पूर्वकको सिलवन्दी बोलपत्र पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. इच्छुक बोलपत्रदाताहरुले रु. ३,०००। (फिर्ता नहुने गरी) खोटेहाङ गाउँपालिका कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, खोटाङ बजार स्थित संचित कोष खाता नं. २०६०३०४०१८११० मा जम्मा गरेको भौचर साथमा बोलपत्रदाताको व्यवसाय नविकरण भएको ईजाजतपत्र, आय कर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७४।०७५ सम्म कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु पेश गरी खोटेहाङ गाउँकार्यपालिकाको कार्यालय, खोटाङ बजार, खोटाङबाट HARD Copy अथवा E-Procurement मार्फत सार्वजनिक खरीद अनुगमन कार्यालय (PPMO) को Website www.bolpatra.gov.np/egp बाट यो सूचना प्रकाशित मितिले ३० औं दिन (मिति २०७५/१२/११)(25 March 2019) गतेका दिन कार्यालय समय भित्र खरिद गर्न सकिनेछ।

२. खरिद गरेको बोलपत्र सिलवन्दी लाहा छाप गरी खामको बाहिरी भागमा कामको विवरण, ठेक्का नम्बर, फर्मको नाम र ठेगाना स्पष्टखुलाई कार्यालयलाई संबोधन गरी ३१ औं दिन (मिति २०७५/१२/१२) (26 March 2019) दिनको १२:०० बजे भित्रमा यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। अथवा PPMO Website www.bolpatra.gov.np/egp मा Upload गरी सक्नु पर्ने छ। दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको उपस्थिती नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै वाधा पर्ने छैन।

३. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने वा खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित कार्यहरु गरिनेछ।

४. बोलपत्र साथ तोकिए वमोजिमको जमानत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, खोटाङ बजार स्थित धरौटी खाता नं. २०६०३०३००७११० मा जम्मा गरेको सक्कल भौचर वा कम्तिमा बोलपत्र दाखिला हुने अन्तिम मितिले १२० दिन म्याद भएको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको सक्कल विडवण्ड संलग्न गर्नु पर्नेछ।

५. बोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मुल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ। BOQ मा उल्लेख गरेको दररेट अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा सिलवन्दी बोलपत्रदाताको स्पष्टसँग सहि छाप भएको हुनु पर्नेछ।

६. एक फर्मको नामबाट खरिद भएको सिलवन्दी बोलपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाइने छैन।

७. कुनै कारण जनाई वा नजनाई बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने एवं सूचना रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

८. बोलपत्र सम्वन्धी अन्य कुनै कुरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

९. बोलपत्र सम्वन्धी अन्य काम कारवाही सार्वजनिक खरिद ऐन (संशोधन सहित) २०६३ तथा सार्वजनिक खरिद नियमावली (संशोधन सहित) २०६४ र अन्य प्रचलित ऐन बमोजिम हुनेछ।

**तपशिल :**

| सि.नं. | ठेक्का नम्बर | कामको विवरण | लागत अंक (भ्याट सहित) रू. | धरौटी रकम रू. | फाराम दस्तुर रू. |
|---|---|---|---|---|---|
| १. | khotehang / P1 / Road / NCB / 075-076 | Rasuwa Pandhare Regional Road Improvement (Simpan Indreni pokhari Section) | १,३५,००,०००।०० | ३,५५,०००।०० | ३,०००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**